# श्री सती सामुदायिक वन उपभोक्ता समूह

बाँसगढी-५, बर्दिया

## काठ ।दाउरा बोलपत्र द्वारालिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८३।०३।१० गते यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.ब २०८२।०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय बर्दियाको च.न.५५६३ ,मिति २०८३।०३।०३ गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ ।दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्वारा लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक काठ ।दाउरामा आधारित उद्योगले सन्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना **श्री मिसन टुडे राष्ट्रिय दैनिक पत्रीका**, प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपशिल

(१) वन पैदावारको विवरण :

**लट नं.१ (२०८२।०८३)**

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण( घ.फि.) | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | बाँसपाते | N | ३३७ | ११९०.१९ | १०० | ११९०१९ | १४४ | १७१३८७.३६ | |
| २ | खयर | N | ८० | १०१.२२ | १००० | १०१२२० | १४४ | १४५७५.६८ | |
| जम्मा | | | ४१७ | १२९१.४१ | ११०० | २२०२३९ | २८८ | १८५९६३.०४ | |

**लट नं.२ (२०८२।०८३)**

| सि.न. | जात | किसिम | चट्टा थान | परिमाण | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| ३ | अन्य जात | दाउरा | १ | १ | ४००० | ४००० | १०९०० | १०९०० | |
| ४ | सिसौ | दाउरा | ०.५ | ०.५ | १२००० | ६००० | १०९०० | ५४५० | |
| जम्मा | | | १.५ | १.५ | १६००० | १०००० | २१८०० | १६३५० | |

(२) **जम्मा** बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०३।३० गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०३।३१ गते दिउँसो १२:०० बजे भित्र

(३) बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैंक लि. बाँसगढी शाखामा रहेको खाता नं.४५६०१०००००२४०००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

(४) बोलपत्र फारम लट १ को रु १०००/- र लट २ को रु ३००/- ·पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपी ,उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(७) निर्धारित न्युनतम सँख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०३।३१ गते यस समुहको कार्यालयमा दिउँसो २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा सो को लगतै भोतिपल्ट खोलिनेछ ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

(९) बोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।

# एनआईसी बैंकको हकप्रद सेयर निष्काशनका लागि बिक्री प्रबन्धक नियुक्त

मिसन संवाददाता
काठमाडौं, ९ असार




एनआईसी एशिया बैंक लिमिटेडले २:१ अनुपातमा हकप्रद सेयर निष्काशन गर्नका लागि एनआइएमबी एस क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ।

नेपाल राष्ट्र बैंकबाट प्राप्त स्विकृतिअनुसार बैंकले हाल कायम चुक्ता पूँजी १४ अर्ब ९१ करोड ७५ लाख ६६ हजार ९२२ रूपैयाँ प्रतिसेयर १०० रूपैयाँ अंकित दरका १४ करोड ९१ लाख ७५ हजार ६६९ दशमलव २२ कित्ता साधारण सेयरको दुई सेयर बराबर एक (२:१) सेयर (अर्थात् विद्यमान २ (दुई) कित्ता साधारण सेयर बराबर नयाँ १ (एक) कित्ता साधारण सेयर)को अनुपातमा साविकका सेयरधनीहरूको लागि ७ अर्ब ४५ करोड ८७ लाख ८३ हजार ५०० रूपैयाँ बराबरको प्रतिकित्ता १०० रूपैयाँको ७ करोड ४५ लाख ८७ हजार ८३५ कित्ता हकप्रद साधारण सेयर निष्काशन गर्नेछ।

उक्त हकप्रद सेयर निष्काशनका लागि आवश्यक अन्य नियामकीय स्वीकृति तथा प्रक्रिया पूरा गरी निष्काशन कार्य अगाडि बढाइनेछ।

हकप्रद सेयर निष्काशनबाट प्राप्त हुने रकम बैंकको पूँजी संरचना सुदृढ बनाउन, पूँजी पर्याप्तता अनुपात थप मजबुत बनाउन तथा बैंकको दीर्घकालीन व्यवसायिक विस्तार एवं रणनीतिक योजनाहरू कार्यान्वयन गर्न उपयोग गर्ने योजना रहेको जनाइएको छ।

उक्त हकप्रद सेयर निष्काशन तथा बिक्री प्रबन्धकसम्बन्धी सम्झौतापत्रमा निष्काशन कम्पनीका तर्फबाट प्रमुख वित्तीय अधिकृत रूपेश लुइटेल र निष्काशन तथा बिक्री प्रबन्धकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत सन्चिन्द्र ढुङ्गानाद्वारा हस्ताक्षर गरिएको छ।

# गेटा अस्पतालमा भिडिओ एक्स–रे र म्यामोग्राफी सेवा बन्द

मिसन संवाददाता
गेटा (कैलाली), ९ असार

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालका रूपमा रहेको गेटा अस्पतालमा भिडिओ एक्स-रे र म्यामोग्राफी सेवा बन्द भएका छन्। दुवै सेवा रेडियोलोजिस्ट डाक्टर नहुँदा बन्द भएका हुन्। २ महिनाअघि नै रेडियोलोजिस्ट डा. होम पन्तको कोसीमा सरुवा फिर्ता भएपछि उनले जागिर नै नगर्ने भन्दै राजीनामा दिएदेखि सेवा बन्द भएको अस्पतालका सूचना अधिकारी नेनसिंह कार्कीले बताए। यसअघि पनि दैनिक २० जनाको मात्रै भिडिओ एक्स-रे हुने गरेको गेटा अस्पतालमा हाल सेवा पूरै बन्द भएपछि बिरामी बाहिर निजी अस्पतालमा जान बाध्य भएका छन्।

यसअघि गेटा अस्पतालमा कार्यरत रहेका डा. पन्तलाई सेती प्रादेशिक अस्पतालको पनि जिम्मेवारी दिइँदा उनी बिहान ११ बजे देखि २ बजे सम्म मात्रै नियमित भिडिओ एक्स-रे गर्ने गरेका थिए। डा. पन्तलाई पनि गेटामै कार्यरत रहने गरी नियुक्ति दिइएको भए पनि उनलाई सेती अस्पतालमा पनि सिटी स्क्यान गर्ने जिम्मेवारी तोकिएकाले २० जनाको मात्रै भिडिओ एक्स-रे गर्ने गरिएको थियो।

सूचना अधिकारी कार्कीले गर्भवती जाँचको लागि स्त्री तथा प्रसूति रोग विशेषज्ञ (गाइनोकोलोजिस्ट) डाक्टरले नै भिडिओ एक्स-रे गरे पनि अन्य भिडिओ एक्स-रे सेवा भने बन्द रहेको बताए। उनका अनुसार रेडियोलोजिस्ट डाक्टर नहुँदा म्यामोग्राफी (स्तन एक्स-रे जाँच) सेवा पनि बन्द भएको छ। म्यामोग्राफीको रिपोर्टिङ पनि रेडियोलोजिस्ट डाक्टरलाई गर्नुपर्ने भएकाले रेडियोलोजिस्ट डाक्टर नहुँदा सेवा बन्द भएको उनले बताए। म्यामोग्राफी सेवा यस क्षेत्रमा पहिलोपटक सञ्चालनमा ल्याइएको थियो।



सूचना अधिकारी कार्कीले नयाँ रेडियोलोजिस्ट डाक्टर ल्याउने प्रयास भए पनि सफल नभएको बताए। उनले अब चालू आर्थिक वर्ष पनि सकिन लागेकाले नयाँ आर्थिक वर्षमै यसको प्रक्रिया अगाडी बढ्ने बताए।

२०८० कार्तिक १ गतेदेखि सेवा सुरु भएको अस्पतालमा सेवा विस्तार हुनुको साटो झन् समयमा डाक्टरको पूर्ति गर्न नसक्दा भएका सेवा पनि बन्द भएपछि स्थानीयले आक्रोश पोखेका छन्। नेपालको पहिलो चिकित्सा शिक्षा अध्ययन गराउने विश्वविद्यालय मातहत ल्याउने तयारी गरिएको अस्पतालको सेवा विस्तार गर्न आवाज उठिरहेका बेला सामान्य सेवासमेत बन्द हुनु दुःखद भएको गोदावरी नगरपालिका - १ का रमेश विष्टले बताए। उनले अस्पतालमा भिडिओ एक्स-रे सेवा बन्द हुँदा नजिके निजी अस्पताल पनि नभएकाले धनगढी या अत्तरिया पुग्नुपर्ने बाध्यता रहेको बताए।

६ सय शय्याको भौतिक संरचना निर्माण भएको अस्पतालमा हाल ५० शय्यामा मात्रै सञ्चालनमा रहेको छ। अस्पतालमा सेवा विस्तारका लागि पटक पटक यस क्षेत्रका स्थानीयले दबाब दिँदै आएका भए पनि हाल भएका सेवा पनि पूर्ण रूपमा सञ्चालनमा आउन सकेका छैनन्। अस्पतालमा यसअघि नै आइसियु एन आइसियु सेवा पनि सञ्चालन गर्ने भन्दै पूर्वाधार निर्माण गरिएको भए पनि सो सेवा पनि अझै सञ्चालनमा आउन सकेको छैन।

हाल अस्पतालको ओपिडी भवनमा शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पताल लेखिएको छ। विश्वविद्यालयमा आगामी शैक्षिक सत्रबाट नै चिकित्सा शिक्षाका कार्यक्रम सञ्चालन गर्ने घोषणा गर्दै सरकारले यस वर्ष बजेट पनि विनियोजन गरेको छ। तर, चिकित्सा शिक्षा अध्ययनका लागि चाहिने अस्पतालको स्तरोन्नतिमा भने अझै ध्यान दिइएको छैन। सरकारले चालू शैक्षिक सत्रमा गेटामा चिकित्सा शिक्षा अध्यापनका लागि सेती, महाकाली र टीकापुर अस्पताल सँग सहकार्य गर्ने जनाएको छ।

## अवैध भरुवा बन्दुकसहित एकजना पक्राउ

**डोटी।** डोटीमा एक जना अवैध भरुवा बन्दुकसहित पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय डोटीका अनुसार जिल्लाको एक क्षेत्रमा गरिएको प्रहरी कारबाहीका क्रममा एक व्यक्तिलाई अवैध भरुवा बन्दुकसहित नियन्त्रणमा लिइएको हो। पक्राउ परेका व्यक्तिको नाम तथा ठेगाना प्रहरीले सार्वजनिक गरेको छैन। प्रहरीले पक्राउ परेका व्यक्तिको साथबाट एक थान भरुवा बन्दुक बरामद गरेको जनाएको छ।

बरामद गरिएको बन्दुकसहित पक्राउ परेका व्यक्तिमाथि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ।

हातहतियार तथा खरखजानासम्बन्धी कानुनविपरीत अवैध रूपमा हतियार राख्ने तथा ओसारपसार गर्ने गतिविधि नियन्त्रणका लागि प्रहरीले निगरानी तथा कारबाहीलाई तीव्र बनाएको बताएको छ। घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

## पहिलो पृष्ठको बाँकी

### सुर्खेत...

चर्चा सुरु भएदेखि नै प्रभावित क्षेत्रका बासिन्दा अनिश्चितताको घेराभित्र छन्। घर बनाउने योजना रोकिएको छ। जग्गाको किनबेच सुस्ताएको छ। निजी सम्पत्तिको मूल्यांकनसमेत प्रभावित भएको छ।

'विमानस्थलले हामीलाई उठाउँछ भन्ने मनोवैज्ञानिक त्रास कतिन्जेल दिने हो ? नीति तथा कार्यक्रममा सधैं कुरा उठ्छ, तर व्यवहारमा लागू हुँदैन,' उनले भनिन्, 'राज्यले न विस्तार गर्छ, न योजना त्याग्छ। परिणामस्वरूप स्थानीय नागरिक वर्षौंदेखि अनिश्चितताको कैदी बनेका छन्।'

सुवेदीका अनुसार जग्गा अधिग्रहणको सम्भावित हल्लाले मात्रै पनि स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष असर परेको छ। घरजग्गाको कारोबार प्रभावित छ भने बैंकहरूले ऋण प्रवाहमा समेत कठोरता अपनाइरहेका छन्। यदी सरकारले यसरी नै बेवास्ता गरिरहे आन्दोलनमा उत्रिन बाध्य हुने स्थानीयवासीको चेतावनी छ।

### राजनीतिक...

तीव्र विरोधपछि योजना पुनः रोकियो। स्थानीयको असन्तुष्टि बढ्नुको प्रमुख कारण उनीहरूसँग पर्याप्त संवाद नगरी निर्णय प्रक्रिया अघि बढाइनु नै हो।

करिब ९२३ घरधुरी प्रत्यक्ष प्रभावित हुने अनुमान सार्वजनिक भएपछि संघर्ष समिति गठन भयो र विरोध आन्दोलन चर्कियो। अन्ततः तत्कालीन मुख्यमन्त्री जीवनबहादुर शाहीले नयाँ विमानस्थल निर्माण नै उपयुक्त विकल्प हुन सक्ने धारणा सार्वजनिक गर्दै विस्तार योजनालाई स्थगनतर्फ धकेले।

नागरिक उड्डयन प्राधिकरणले तयार गरेको अध्ययन प्रतिवेदनले विमानस्थल विस्तारका लागि झन्डै नौ अर्ब ४० करोड रूपैयाँ आवश्यक पर्ने अनुमान गरेको थियो। यो लागतमा जग्गा अधिग्रहण, मुआब्जा वितरण, संरचना व्यवस्थापन र धावनमार्ग विस्तारका काम समावेश थिए।

यही लागत र ठूलो सामाजिक प्रभावका कारण योजना विवादित बन्दै गयो। एकातिर सुर्खेत विमानस्थल विस्तारको विकल्प खोज्ने बहस सुरु भयो भने अर्कोतर्फ रामघाटमा नयाँ विमानस्थल निर्माण गर्ने प्रस्तावसमेत अघि आयो।

तर सरकार फेरिएसँगै प्राथमिकता पनि फेरियो। कुनै सरकारले नयाँ विमानस्थलको अवधारणा अघि बढायो भने कुनै सरकारले पुरानै विमानस्थल विस्तारको विषय पुनर्जीवित गर्‍यो। जसले योजना न पूर्ण रूपमा अगाडि बढ्न सक्यो, न त औपचारिक रूपमा बन्द नै भएको छ। सुर्खेत विमानस्थल संघीय सरकारको क्षेत्राधिकारभित्र पर्ने पूर्वाधार हो।

त्यसैले प्रदेश सरकारले मात्रै निर्णय लिन सक्दैन। तर संघीय सरकार र प्रदेश सरकारबीचको समन्वयको वास्तविक स्वरूप के हो भन्ने विषय अझै स्पष्ट छैन। यही अस्पष्टताले योजना कागजमा जीवित तर व्यवहारमा मृतजस्तै बनेको छ। सुर्खेत विमानस्थल विस्तार कर्णालीको दीर्घकालीन विकाससँग जोडिएको महत्वपूर्ण परियोजना हो।

तर विकासका योजनाले नागरिकलाई दशकौंसम्म अन्योलमा राख्ने अधिकार पाउँदैनन्। सरकारले अब या त स्पष्ट समयसीमा, पर्याप्त बजेट, मुआब्जा र पुनर्स्थापनाको खाकासहित विस्तार प्रक्रिया अघि बढाउनुपर्छ या परियोजनाको व्यवहारिकता पुनः मूल्यांकन गरेर वैकल्पिक समाधान सार्वजनिक गर्नुपर्छ।

बर्सेनि बजेट भाषणमा उठ्ने यो योजना अब कागजबाट ओर्लिएर जमिनमा काम देखिनुपर्छ। अन्यथा सुर्खेत विमानस्थल विस्तार योजना कर्णालीको विकास परियोजना नभई राजनीतिक भाषणको स्थायी शीर्षक मात्रै बनेर बस्नेछ।

### ताल्चामा...

सञ्चालनमा आउन सकेको छैन।

विमानस्थल प्रमुख नवलकिशोर चौहानले टर्मिनल भवन पूर्ण सञ्चालनमा नआउँदा जोखिम मोलेर सेवा दिनुपरेको बताए। विमानस्थलजस्तो संवेदनशील क्षेत्रमा आवश्यक सुरक्षा पूर्वाधारको अभावले थप चुनौती सिर्जना गरेको छ।

### नौबस्ता...

औद्योगिक क्षेत्र निर्माण गर्नु अपरिहार्य भइसकेको उनले बताए। 'नेपालगन्ज औद्योगिक क्षेत्र स्थापना हुँदा सहरको किनारामा थियो। अहिले सहरको मध्य भागमा पसिसक्यो। यसले निम्त्याउने प्रदूषणको समस्या एकातिर छ भने उद्योगका लागि ठाउँ साँघुरिँदै गएको छ। अब नयाँ उद्योग लगाउँदा नयाँ क्षेत्र एक अत्यावश्यक भइसकेको छ,' उनले भने।

२०२० सालमा नेपालगन्ज औद्योगिक क्षेत्र स्थापना हुँदा उक्त औद्योगिक क्षेत्र वरपर बस्ती थिएन। सहरको एक किनारमा पर्ने क्षेत्रमा स्थापना गरिएको औद्योगिक क्षेत्र वरपर बिस्तारै बस्ती बढ्दै गयो। अहिले उक्त औद्योगिक क्षेत्र बस्तीको बीचमा छ। अझ औद्योगिक क्षेत्र नजिकै नेपालगन्जको दोस्रो ठूलो स्वास्थ्य संस्था सञ्जीवनी अस्पताल (साविकको नेपालगन्ज मेडिकल कलेज) समेत रहेको छ। औद्योगिक क्षेत्रबाट निस्कने धुवाँलगायतको प्रदुषणले आसपासको बस्तीमा प्रभाव पारिरहेको छ भने बस्तीको बीचमा औद्योगिक क्षेत्र सञ्चालन हुन सक्छ कि सक्दैन भन्ने बहस समय समयमा उठिरहन्छ।

नेपालगन्ज औद्योगिक क्षेत्रको समेत विकल्प हुने भनेर पनि अपेक्षा गरिएको नौबस्ता औद्योगिक क्षेत्र बन्ने नबन्ने अझै यकिन छैन। उक्त औद्योगिक क्षेत्रको निर्माणको काम अघि नबढ्दा उद्योगीहरू भने अन्योलग्रस्त अवस्थामा रहेका छन्। आगामी वर्षको नीति तथा कार्यक्रममा औद्योगिक क्षेत्रहरूको विकास गर्ने भन्ने विषय उल्लेख गरिएको छ। तर, त्यसलाई बजेटमा कसरी समेटिएको छैन।

मिसन टुडेसँग कुरा गर्दै उनले भने, 'बजेटमा नौबस्ता औद्योगिक क्षेत्रले विशेष प्राथमिकता पाउनुपर्छ। यसको निर्माण जति चाँडो भयो त्यति नै बढी उद्योगीहरूलाई योजना बनाउन सजिलो हुन्छ। अहिले त औद्योगिक क्षेत्र बन्छ कि बन्दैन भन्ने नै अन्योल छ भने के आधारमा उद्योगीहरूले योजना बनाउने ?'

नेपालगन्ज औद्योगिक क्षेत्रमै रहेको एचडिपी पाइप उत्पादन गर्ने लक्ष्मी प्लाष्टिक उद्योगका सञ्चालक जयगोपाल श्रेष्ठ सरकारले अहिले उद्योगहरूलाई कस्तो सुविधा दिने र आकर्षित गर्ने भन्नेमा छलफल गरिरहेको हुनुपर्नेमा अझै औद्योगिक क्षेत्र बन्छ कि बन्दैन भन्नेमै अल्झिनु दुःखद भएको बताए।

'उद्योगीहरूलाई औद्योगिक क्षेत्रमा कस्तो सुविधा हुन्छ। सरकारले के के मा सहुलियत दिन्छ भन्ने मुख्य बहसको विषय हुनुपर्ने हो। तर, अहिले पनि हामी औद्योगिक क्षेत्र बन्छ कि बन्दैन भन्ने अन्योलमै रहनुपर्ने अवस्था छ,' उनले भने। श्रेष्ठले निर्माणमा ढिलाइ भएमा नेपालगन्ज औद्योगिक क्षेत्रबाट उक्त औद्योगिक क्षेत्रमा उद्योगहरूको स्थानान्तरण पनि कस्तो सुविधा र सहुलियत प्राप्त हुन्छ भन्नेले निर्धारण गर्ने उनले बताए। 'राम्रो सुविधा भएन भने उद्योगीहरू त वरु अर्को विकल्प खोज्छन्। राज्यले मात्रै फाइदा लिन खोज्ने उद्योगलाई फाइदा नै नहुने भयो भने त हामी आफ्नै तरिकाले विकल्प खोज्छौं नि।' श्रेष्ठले भने।

२०७२ सालमा घोषणा भएको बाँकेको बैजनाथ गाउँपालिका-५ मा पर्ने नौबस्ता औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माण गर्ने काम नौ वर्ष बितिसक्दा पनि सुरु भएको छैन। अहिलेसम्म परियोजनाको विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत भएको र घोषणा गरिएको भन्दा एक तिहाई मात्रै जग्गा प्राप्ति हुनुमै प्रगति सीमित छ। साथै केही क्षेत्रमा ट्र्याक खोल्ने काम र तारबारको काम मात्रै भएको छ।

सरकारले औद्योगिक क्षेत्र निर्माणमा उक्त जमिनमा बसोबास गर्दै आएका नागरिकहरूले जमिन छोड्न नमान्नुलाई मुख्य कारण बताउँदै आएको छ। औद्योगिक क्षेत्रको प्रस्ताव गर्ने समयमा नौबस्तामा एक हजार बिघा क्षेत्रफलमा निर्माण गर्ने भनिए पनि अहिले औद्योगिक क्षेत्रको नाममा तीन सय ३८ बिघा जमिन छ। तर विवादरहित र खाली रहेको क्षेत्र दुई सय ५३ बिघा मात्रै छ।

औद्योगिक क्षेत्रको जमिनमा नागरिकको बस्तीदेखि कारागारसम्म निर्माण गरिएको छ। डीपीआर तयार हुँदा दुई सय ५९ घरधुरी उक्त जग्गामा पर्ने तथ्यांक संकलन भएको थियो। तर पछि स्थानीयवासीहरूले संघर्ष समिति बनाएर औद्योगिक क्षेत्र निर्माणस्थलमा चार सय ५० बढी घर रहेको दाबी गरे।

आद्योगिक क्षेत्रको नाममा रहेको जग्गामध्ये ६१ बिघा जग्गा बस्ती व्यवस्थापन र सशस्त्र प्रहरी तालिम केन्द्र तथा क्षेत्रीय कारागारलाई दिने निर्णय भएर त्यहाँ कारागार नै निर्माण भइसकेको छ। बस्ती बसेको थप ५५.६ बिघा जग्गा पनि खाली नगर्ने भनेर बैजनाथ गाउँपालिकाले निर्णय गरेर दिएको सिफारिसका आधारमा सहमतिपछि अहिले खाली रहेको जमिन दुई सय ५३ बिघा मात्रै हुन आउँछ।

प्रस्ताव गरिएअनुसार जग्गा प्राप्त भएको भए लुम्बिनी प्रदेशकै ठूलो औद्योगिक क्षेत्र निर्माण हुने थियो। जहाँ नेपालगन्जको घना मानव बस्ती बीचमा रहेको औद्योगिक क्षेत्रमा रहेका उद्योग व्यवस्थापन गर्न सकिने र नयाँ उद्योगहरूलाई पनि पर्याप्त र सुविधासम्पन्न जमिन प्राप्त भई औद्योगिक विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको थियो। औद्योगिक क्षेत्र निर्माणका लागि प्रारम्भिकरूपमा आठ अर्बको लागत अनुमान गरिएकोमा अब उक्त लागत पनि बढ्ने निश्चित छ।

### करिब...

७ वटा इन्जिनियरिङ र विद्युतीय सामाग्री उत्पादन गर्ने उद्योगहरू रहेका छन्। यसैगरी, २ वटा रङरोगन र डिटरजेन्ट पाउडरका, ९ वटा मेटल तथा निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरू औद्योगिक क्षेत्रमा सञ्चालित छन्।

नेपालगन्ज औद्योगिक क्षेत्रभित्रका उद्योगहरूले तामा, पित्तल, काँस, आल्मुनियमका चक्का पाता तथा भाँडावर्तन, प्लाईउड, स्टिल फेब्रिकेशन, खाद्य सामाग्री, विद्युतका तार, पिउने पानी, साबुन, सर्फ, रंगरोगन, ट्रान्सफरमर मर्मत तथा उत्पादन गरिरहेका छन्।

यसैगरी फेब्रिकेटिङ वर्कशप, प्लाष्टिकका बोतल, जर्किन, ड्रम तथा बट्टाहरू आदि उत्पादन गर्ने उद्योगहरू पनि औद्योगिक क्षेत्रमा रहेका छन्।


**अवनी सेरामिक्स इन्डस्ट्रीज प्रा.लि. द्वारा उद्योग निर्माण तथा सञ्चालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८३/३/१०)

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | अवनी सेरामिक्स इन्डस्ट्रीज प्रा.लि., बढैयाताल गाउँपालिका, वडा नं. ३ बर्दिया जिल्ला, लुम्बिनी प्रदेश |
| प्रस्तावको व्यहोरा | वार्षिक ५,००,००० NOs Sanitary ware ceramic products and related accessories उत्पादन क्षमता भएको उद्योग निर्माण तथा सञ्चालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला स्थानीय तह | बढैयाताल गाउँपालिका, वडा नं. ३, बर्दिया जिल्ला, लुम्बिनी प्रदेश |
| जग्गाको कित्ता नं. | [illegible] |

सुझाव पठाउनका लागि सम्पर्क गर्ने ठेगाना:
१. श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ... info@doind.gov.np
२. श्री बढैयाताल गाउँपालिका, वडा नं. ३, बर्दिया जिल्ला, लुम्बिनी प्रदेश
३. श्री अवनी सेरामिक्स इन्डस्ट्रीज प्रा.लि., बढैयाताल गाउँपालिका, वडा नं. ३, बर्दिया जिल्ला, लुम्बिनी प्रदेश
४. [illegible]

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**काठ/दाउरा लिलाम बिक्रिको सूचना**

श्री शनी सामुदायिक वन उपभोक्ता समूह, बर्दिया

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**काठ/दाउरा लिलाम बिक्रिको सूचना**

श्री मान्भुन्डी सामुदायिक वन उपभोक्ता समूह, बर्दिया

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी स्वेच्छिक दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/०९/०९ मा दर्ता भएको प्रा.लि.नं. ३३४६४२ को बज्रगुरु नेपाली कागज उद्योग प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३/१२/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम स्वेच्छिक दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धि ३५ दिने सूचना**

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी स्वेच्छिक दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०२/१२ मा दर्ता भएको प्रा.लि.नं. ३१३२२४ को नेपाल कमर्सियल सर्भिस प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम स्वेच्छिक दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले (इण्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक नाम | इकाई | प्रति इकाई मुद्रा | अधिकतम खुद्रा बिक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WASHING MACHINE | SEMI AUTOMATIC | GODREJ | WSEDGE CLS 80 5.0 PRA SLGR | 8 Kg | INDIA | SET | NPR | 35,890/- | |
| 2 | WASHING MACHINE | SEMI AUTOMATIC | GODREJ | WSEDGE 90 5.0 TB3+ M MIGR | 9 Kg | INDIA | SET | NPR | 38,290/- | |
| 3 | REFRIGERATOR | MEDICAL REFRIGERATOR | GODREJ | MR ILR GHR 90 AC RJ WHITE | 136 Ltr | INDIA | SET | NPR | 2,08,890/- | |
| 4 | REFRIGERATOR | MEDICAL REFRIGERATOR | GODREJ | MR GHR 200 AC PB WHITE | 287 Ltr | INDIA | SET | NPR | 2,67,380/- | |
| 5 | REFRIGERATOR | SINGLE DOOR | GODREJ | RD EDGE 205BXP TAF GL BL | 190 Ltr | INDIA | SET | NPR | 35,390/- | |
| 6 | REFRIGERATOR | SINGLE DOOR | GODREJ | RD EDGE 205BXP WHF BR BL | 190 Ltr | INDIA | SET | NPR | 34,490/- | |
| 7 | REFRIGERATOR | SINGLE DOOR | GODREJ | RD EDGE 205BXP THF BR BL | 190 Ltr | INDIA | SET | NPR | 35,390/- | |

बिक्रेता फर्मको नाम: ह.ओ.एस. प्रा.ली.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: 302986844
घोषणा नं.: MM9030/089